संवत २०७९ सालको ऐन संख्या- १

# फालेलुङ गाउँपालिकाको आर्थिक ऐन, २०७८

## गाउँसभा बाट स्वीकृत मितिः-२०७७।०३।१०

**फालेलुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**थोक्लिम्बा, पाँचथर**

**१ नं. प्रदेश, नेपाल**

**E-mail:-phalelunggaunpalika@gmail.com**

**Facebook:- http://www.facebook.com/sidingbamun**

**Website:- http://www.phalelungmun.gov.np**

# फालेलुङ गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** फालेलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम फालेलुङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम 'फालेलुङ गाउँपालिकाको आर्थिक ऐन, २०७९' रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि फालेलुङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **भुमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र रहेका व्यक्तिहरुले आफ्नो नाममा रहेको जग्गा बापत अनुसुची (१) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

३. **घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

४. **वित्तीय तथा पूँजिगत कारोबारमा लागे कर (व्यवसाय कर)** - गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (४) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, १ नं प्रदेश सरकारका कानुनमा व्यवस्था भएको हकमा सोहि बमोजिम हुनेछ ।

६. **बहाल बिटौरी शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गा मा अनुसुची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले उपलब्ध गराएको बिभिन्न सेवामा सेवाग्राहीबाट अनूसूचि (६) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. **घर धुरी करः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको घरधुरीको कर अनुसुची (७) बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

९. **कवाडी जिवजन्तु करः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका कवाडी एवं जिवजन्तु कर अनुसुची (८) बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

१०. **स्थानीय पुर्वाधार विकाश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका पुर्वाधार विकासकालागी अनुसुचि (९) बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

११. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै किसिमको कर छूट दिईने छैन । तर तिन भन्दा बढि व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई अधीकतम तिन वटा व्यवसाय मध्ये उच्चत्तम दरको शुल्क लिई बाँकि व्यवस्यको कर मिनाहा गरिनेछ ।

१२. **कार्यविधी:** यो ऐनको कार्यान्वयनको लागि आवश्यकता अनुसार कार्यपालिकाले कार्यबिधी स्विकृत गरी लागु गर्न सक्नेछ ।

**संशोधन:** यो ऐनको कुनै दफा वा उपदफा संशोधन गर्नु परेमा गाउँसभाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतले गर्न सक्नेछ ।

## अनुसुचि १
## (दफा २ सँग सम्बन्धित)

**गाउँपालिका क्षेत्र भित्र रहेका व्यक्तिहरुले आफ्नो जग्गाको तिरो तिर्नु पर्ने शुल्क**

| क्र.स | जग्गाको प्रकार | प्रति रोपनी रु. |
|---|---|---|
| १. | पाखा बारी | ४ |
| २. | सिम | ५ |
| ३. | दोयम | ६ |
| ४. | अब्बल | ७ |
| ५. | अलैंचि खेति | ५ |
| ६. | चिया खेति | ५ |

## अनुसुची - २
## (दफा ३ संग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा लगाउने घर वहाल करको दर**

| क्र.सं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | कुनै पनि निजी व्यक्तिलाई घर कोठा बहालमा दिएमा घरधनीले गाउँपालिकालाई घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडामा दिएमा | भाडाको १०% | |
| २ | कुनै पनि सार्वजनिक संस्था/सरकारी कार्यालय/ निजी बैंक/सहकारी आदिलाई घर, कोठा बहालमा दिएमा | सम्झौता भए बापतको १०% | |

# अनुसुची ३

## (दफा ४ सँग सम्बन्धित)

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने (बित्तीय तथा पूँजिगत कारोवारमा लाग्ने कर) व्यवसाय दर्ता तथा नविकरण दस्तुर

| क्र.सं. | विवरण | दर्ता दस्तुर | नविकरण दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा पसल, झुोट, बिक्रि तथा सुर्तिजन्य पदार्थ | ३००० | १५०० | |
| २ | औषधि पसल | २००० | १००० | |
| ३ | हल्का पेय पदार्थ | ५०० | २५० | |
| ४ | सुनचाँदि पसल | २००० | १००० | |
| ५ | माछा, मासु, फलफूल तरकारी तथा डिपार्टमेन्ट पसल | १००० | ५०० | |
| ६ | स्टेसनरी तथा पुस्तक पसल | ५०० | २५० | |
| ७ | कस्मेटिक तथा उपहार पसल | ५०० | २५० | |
| ८ | सिलाई, कटाई पसल | २००० | १००० | |
| ९ | मोटर पार्टस, वर्कसप | २००० | १००० | |
| १० | कपडा, जुत्ता, चप्पल, ब्याग आदिको फेन्सि पसल | २१०० | ११५० | |
| ११ | इलेक्ट्रोनिक पसल | १००० | ५०० | |
| १२ | पेट्रोलियम पदार्थ बिक्रि केन्द्र | ५०० | २५० | |
| १३ | हार्डवेयर मेसिनरी | १५०० | ७५० | |
| १४ | किराना पसल | १५०० | ७५० | |
| १५ | भाँडा पसल | १००० | ५०० | |
| १६ | व्युटि पार्लर | १००० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| १७. | चिया नास्ता पसल | ६०० | ३०० | |
| १८. | उत्पादन मुल उद्योग सबै प्रकारका (फर्निचर समेत) | २२०० | ११०० | |
| १९. | होटल व्यवसाय | १५०० | ७५० | |
| २०. | कुटानी पिसानी उद्योग | १००० | ५०० | |
| २१. | एक भन्दा बढी प्रकारका सामाग्री बेचविखन गर्ने पसल ( रु. ५ लाख सम्म लगानी भएको) | ३५०० | १७५० | |
| २२. | एक भन्दा बढी प्रकारका सामाग्री बेचविखन गर्ने पसल ( रु. ५ लाख भन्दा बढी लगानी भएको) | ४००० | २००० | |
| २३. | दुग्ध उत्पादन बिक्रि केन्द्र | १००० | ५०० | |

## अनुसुची - ४
### (दफा ५ सँग सम्बन्धित)
### गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने विज्ञापन करको दररेटः

| क्र.सं. | प्रकार | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १. | पर्खाल भित्तामा पोतिएको | १०० | |
| २. | सार्वजनिक स्थानमा साईनबोर्ड राखिएको | १०० | |
| ३. | पोल वा ब्यानर राखिएको | १०० | |
| ४. | सवारी साधनमा विज्ञापन गरिएको | १०० | |

तर प्रदेश कानूनले निर्धारण गरेकोमा सोही वमोजिम संकलन गरिनेछ ।

| | | | |
|---|---|---|---|
| १३ | घ वर्ग निर्माण व्यवसायि इजाजत पत्र प्रतिलिपि दस्तुर | २५०० | |
| १४ | १०० एच पि सम्मको ठुला मेसिनरी तथा उपकरण सञ्चालन दस्तुर | ७००० | |
| १५ | १०१ देखि २०० एच पि सम्मको ठुला मेसिनरी तथा उपकरण सञ्चालन दस्तुर | ९५०० | |
| १६ | २०१ एच पि भन्दा माथिको ठुला मेसिनरी तथा उपकरण सञ्चालन दस्तुर | १२५०० | |
| १७ | जन्म/मृत्यु प्रमाणीत दस्तुर | २०० | |
| १८ | जिवित सँग नाता प्रमाणीत | २०० | |
| १९ | मृतक सँग नाता प्रमाणित | २०० | |
| २० | विवाहित तथा अविवाहित प्रमाणित | २०० | |
| २१ | एक संगोल परिवार प्रमणित | २५० | |
| २२ | कागजात वा मञ्जुरी नामा प्रमाणीत | २०० | |
| २३ | संरक्षण प्रामणीत गर्ने | २०० | |
| २४ | हकवाला र हकदार प्रमाणित | २५० | |
| २५ | जग्गा/सम्पतिको मुल्यांकन सिफारिस तथा प्रमाणित गर्ने | ५ लाख भन्दा कम भए रु. ५०० अन्यथा रु. १००० | |
| २६ | विपन्नता प्रामाणित | नि:शुल्क | |
| २७ | सम्पन्नता प्रमाणित | १२०० | |
| २८ | आर.सि.सि घर निर्माण सम्पन्न प्रामाणित | १७०० | |
| २९ | जस्ताले छाएक घर निर्माण सम्पन्न प्रमाणित | ५०० | |
| ३० | अन्य कच्चि घर निर्माण सम्पन्न प्रामणीत | २०० | |
| ३१ | दलित अल्पसंख्यक तथा जनजाती प्रमाणीत | २०० | |
| ३२ | चारकिल्ला प्रमाणीत | ४०० | |
| ३३ | वार्षिक आय प्रमाणित | जम्मा आयको ०.५ प्रतिशत | |
| ३४ | जेष्ठ नागरिक /एकल महिला प्रामणित | नि:शुल्क | |
| ३५ | बसाई सराई प्रमाणित | ८०० | |
| ३६ | सम्बन्ध विच्छेद प्रमाणीत | ६०० | |
| ३७ | उल्लिखित भन्दा अन्य प्रामाणीत सम्बन्धि कार्य | ५०० | |
| ३८ | वंशज नागरिकता सिफारिस | २०० | |
| ३९ | अंगिकृत नागरिकता सिफारिस | १००० | |